कालिगण्डकी गाउँपालिका
KALIGANDAKI RURAL MUNICIPALITY
# गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
पुर्तिघाट, गुल्मी (Purtighat, Gulmi)
लुम्बिनी प्रदेश, नेपाल
LumbiniProvince,Nepal

पत्र सङ्ख्या / Ref.No.: ०८१/०८२
चलानी नं./Dis.No.: ८४६

## सेनेटरी प्याड खरिद सम्बन्धी दरभाउ आव्हानको सूचना

सुचना प्रकाशित मिति:२०८१/१०/२८

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ उपनियम ६ मा १० लाख भन्दा कम मूल्यको सामग्री सोझै खरिद गर्न सकिने व्यवस्था बमोजिम यस कालिगण्डकी गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा अध्यनरत छात्राहरुका लागि आवश्यक सेनेटरी प्याड खरिद गर्न आवश्यक परेकोले सो सम्बन्धी कार्य गर्न मान्यता प्राप्त फर्म/कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रहि रितपूर्वक दरभाउ पत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

शर्तहरु:

- दरभाउ पत्र यो सूचना प्रकाशित भएको मितिले ७ औ दिन भित्र यस कार्यालयमा पेश गर्नपर्ने छ।
- अन्तिम दिन सार्वजनिक पर्न गएमा विदा सकिएको भोलिपल्ट निर्धारित समयभित्र खरिद तथा दाखिला गर्नुपर्नेछ।
- दर्ता भएका दरभाउहरु सोहि दिनको ५:०० बजे कर्मचारीहरुको रोहबरमा खोलिनेछ।
- दरभाउ पत्र साथ चालु आ.वको नविकरण गरिएको व्यवसायि दर्ता इजाजत पत्र,स्थायि लेखा प्रमाणपत्र तथा आ.व २०८०/०८१ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि साथै उपलब्ध गराउने प्याडको नमुना पेश गर्नुपर्नेछ।
- कबोल अंकको दररेट अंक र अक्षरमा स्पष्ट उल्लेख भएको हुनुपर्नेछ। केरमेट भएमा केरमेट भएको स्थानमा सहिछाप गर्नुपर्नेछ। दररेट रकम अंक र अक्षरमा फरक पर्न आएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।
- आपूर्ति गरिने सेनेटरी प्याडको गुणस्तर सेनेटरी प्याड(वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ को अनुसुची १ अनुसार हुनुपर्नेछ। गुणस्तरमा फरक पर्न गएमा भुक्तानी दिइने छैन।
- दरभाउ पत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ।
- अन्य कुराहरु सार्वजनिक खरिद ऐन ,२०६३ र सार्वजनिक खरिद नियमावलि,२०६४ बमोजिम हुनेछ। अन्य कुराहरु दरभाउ पत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

खरिद गर्ने सामानको विवरण:

| S.No | Item Description | Unit of measurement | Quantity |
|---|---|---|---|
| 1. | Saitary pads (240±20mm length 60 to 75 mm width &15±2 mm thickness) | packet | 7000 packet |



नरेश गिरी
प्रमुख प्रशासकीय अधिकृत